# कार्पेन्टर (फोर्मवर्क – बिल्डिङ कन्स्ट्रक्सन) (स्ट्राइकिङ) स्किल्ड ट्रेड टेस्ट नमुना लिखित प्रश्नपत्र

此文件關於木模板工（土木工程）（拆板）工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Carpenter (Formwork-Building Construction) (Striking). Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

## डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन।*

## सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टर (Hong Kong Construction Industry Trade Testing Centre) लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

टेलिफोन: (852) 2100 9000

फ्याक्सः (852) 2100 9090

इमेल: enquiry@cic.hk

वेबसाइट: www.cic.hk


©२०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

**<u>ट्रेडको ज्ञान</u>**

1. फाइबर (प्लास्टिक) सर्कुलर कोलम फोर्मवर्कलाई कसरी खोलिनुपर्छ ?
   a. सर्कुलर फोर्मवर्कलाई तेर्सो गरेर विभिन्न खण्डहरूमा काट्नुहोस् र खोल्नुहोस्
   b. सर्कुलर फोर्मवर्कलाई ठाडो गरेर विभिन्न खण्डहरूमा काट्नुहोस् र खोल्नुहोस्
   c. स्ट्राइकिङ (खोल्दा) को समयमा सर्कुलर फोर्मवर्कलाई बिगार्नु हुँदैन
   d. हिट ट्रिटमेन्टले (तताएर) खोल्नुहोस्

2. सामान्यतया कार पार्कमा सिलिङ फोर्मवर्कलाई खोल्दा फ्लेक्सिबल शोर (flexible shore) लाई किन इन्स्टल (जडान) गरिनुपर्छ ?
   a. सिलिङमा टिम्बर (काठ) लाई अस्थायी रूपमा अड्याउन
   b. कम्पनीद्वारा तोकिएको
   c. रोजगारद्वारा तोकिएको
   d. फोरम्यानद्वारा तोकिएको

3. कानुनद्वारा आवश्यक गराइए अनुसार वाटर ट्यांकमा फोर्मवर्क खोल्ने व्यक्तिहरू निम्न हुनैपर्छ:
   a. टिम्बर फोर्मवर्कका लागि दक्ष कामदार (स्किल्ड वर्कर)
   b. टिम्बर फोर्मवर्कका लागि सब-कन्ट्र्याक्टर
   c. साइटको सामान्य कामदार
   d. बन्द वा साँघुरो ठाउँका लागि प्रमाणपत्रप्राप्त व्यक्ति

4. दुईवटा वा सोभन्दा बढी फल्सवर्क भएको सिलिङ फोर्म्वार्क खोल्दा सही प्रक्रिया निम्न हुन्छ:
   a. सबैभन्दा पहिला माथिल्लो तथा तल्लो लेयरको फल्सवर्कलाई खोल्ने र त्यसपछि सिलिङ फोर्मवर्कलाई खोल्ने
   b. सबैभन्दा पहिला माथिल्लो लेयरको फल्सवर्क तथा सिलिङ फोर्मवर्कलाई खोल्ने र त्यसपछि तल्लो लेयरको फल्सवर्कलाई खोल्ने
   c. सबैभन्दा पहिला तल्लो लेयरको फल्सवर्क तथा सिलिङ फोर्मवर्कलाई खोल्ने र त्यसपछि माथिल्लो लेयरको फल्सवर्कलाई खोल्ने
   d. माथिका सबै प्रक्रियाहरू सही छन्

5. सिलिङ फोर्मवर्क खोल्नभन्दा अगाडि कामदारले अनिवार्य रूपमा:

   a. खोल्ने (स्ट्राइकिङ) क्षेत्रमा अनुगमन गर्न सुपरभाइजर नियुक्त गर्नका लागि कम्पनीलाई सूचित गर्नुपर्छ

   b. खोल्ने (स्ट्राइकिङ) क्षेत्रमा अनधिकृत प्रवेशको चेतावनी सङ्केतसहित क्षेत्रलाई पूरै घेर्नुपर्छ

   c. अनधिकृत प्रवेशको अनुमति छैन भनेर जोडसँग चिच्याउनका लागि कसैलाई पठाउनुपर्छ

   d. खोल्ने (स्ट्राइकिङ) क्षेत्रमा अनुगमन गर्नका लागि रोजगारदातालाई अनुरोध गर्नुपर्छ

6. खोलिएका बाहिरी वाल फोर्मवर्कलाई कसरी व्यवस्थापन गरिनुपर्छ ?

   a. तिनीहरूलाई तल फाल्ने

   b. तिनीहरूलाई बाँसको स्काफोल्डमा चाङ लगाएर राख्ने

   c. तिनीहरूलाई फ्लोरभित्र राख्ने

   d. आफ्नो इच्छा अनुसार राख्ने

7. बाहिरी वाल बोर्ड (striking sheet iron of external wall board) को शिट आइरन खोल्दा सबैभन्दा राम्रो काट्ने पोजिसन (cutting position) कुन हुन्छ ?

   a. कन्क्रिटसँग सिधा

   b. कन्क्रिटभन्दा 4 देखि 6 इन्च लामो

   c. काट्न आवश्यक छैन, जतिसक्दो समयसम्म आइरन शिटलाई त्यसै छोड्नुहोस्

   d. शिट आइरन लामो वा छोटो जस्तो भएपनि फरक पर्दैन

8. सिलिङ फोर्मवर्क खोल्दा सामान्यतया कुन बोर्डबाट सुरु गरिनुपर्छ ?

   a. साबुत (टुटफुट नभएको) प्लाइवुड

   b. ग्यापलाई भर्ने बोर्ड जुन सानो हुन्छ

   c. बिममा भएको बोर्ड

   d. वाल (गारो) मा भएको बोर्ड

9. टप नभएको फिक्स-मटेरियल पार्टिसन वाल (fix- material partition wall) को फोर्मवर्क खोल्दा कुन बोर्डबाट सुरु गरिनुपर्छ ?

   a. कर्नर बोर्ड (corner board)
   b. स्पीगोट एण्ड सकेट बोर्ड (spigot and socket board)
   c. डबल सकेट बोर्ड (double socket boaard)
   d. इच्छा अनुसार कुनै पनि बोर्ड

10. फिक्स-मटेरियल पार्टिसन वाल (fix- material partition wall) को फोर्मवर्क खोल्दा क्रोबार छिराउनका लागि सामान्यतया सबैभन्दा सही पोजिसन कुन हुन्छ ?

   a. वाल बोर्ड (spigot of wall board) को स्पीगोट
   b. वाल बोर्ड (socket of wall board) को सकेट
   c. पार्टिसन वालको माथिल्लो भाग
   d. पार्टिसन वाल टिम्बरको तल्लो भाग

11. फिक्स-मटेरियल पार्टिसन वाल (fix- material partition wall) को फोर्मवर्क खोलेपछि निम्न अवस्थाहरू मध्ये सबैभन्दा राम्रो अवस्था कुन हुन्छ ?

   a. खोलेपछि बोर्डहरू तथा टिम्बरलाई छुट्टाउने
   b. खोलेपछि बोर्डहरू तथा टिम्बरलाई जोड्ने
   c. खोलेपछि बोर्डहरू तथा टिम्बरलाई टुक्रा-टुक्रा पारेर निशान लगाउने
   d. खोलेपछि यताउता फोहोर हुनेगरी फाल्ने

12. वाल बोर्डहरू खोल्दै गर्दा वालको साइडमा रहेको बिमलाई अड्याउने मेटल ट्रस थौरै बीचमा आएमा तपाईं के गर्नुहुन्छ :

   a. मेटल ट्रसलाई खोलखाल गर्नुहुनेछ र स्ट्राइकिङ खोल्ने कार्य पछि त्यसलाई पुन जोडजाड गर्नुहुनेछ
   b. अवरोध भएतापनि तपाईंले मेटल ट्रसलाई खोलखाल गर्नुहुनेछैन
   c. मेटल ट्रसलाई खुकुलो बनाएर त्यसलाई सार्नुहुनेछ र स्ट्राइकिङपछि त्यसलाई पहिलाको ठाउँमा पुन राख्नुहुनेछ
   d. माथिका तीन विधिहरू मध्ये कुनै पनि विधि सही छ

13. लुज-मटेरियल पार्टिसन वाल (loose- material partition wall) को फोर्मवर्क खोल्नका लागि सबैभन्दा सामान्य तरिका निम्न हो:

a. सबैभन्दा पहिला वाल टिम्बर, त्यसपछि भिनिर  र वाल बोर्डहरू खोल्ने

b. सबैभन्दा पहिला भिनिर, त्यसपछि वाल टिम्बर र वाल बोर्डहरू खोल्ने

c. पहिला त्यसलाई कन्क्रिटबाट खोल्ने, त्यसपछि भिनिर र वाल बोर्डहरू खोल्ने

d. माथिका तीन विधिहरू मध्ये कुनै पनि विधि सही छ

14. विशेष स्वीकृति बाहेक, कन्क्रिट कास्टिङपछि कति समयपश्चात् पार्टिसन वाल फोर्मवर्कलाई खोल्न सकिन्छ ?

a. 1 दिन

b. 7 दिन

c. 14 दिन

d. 28 दिन

15. तपाईंले वाटर स्टप फिट गरिएको फिनिसिङ बोर्डलाई कसरी खोल्नुहुन्छ ?

a. खोल्दाको समय वाटर स्टपलाई बिगार्न पाइन्न

b. खोल्दाको समय वाटर स्टपको बारेमा चिन्ता लिन आवश्यक छैन

c. यदि वाटर स्टपलाई किलाद्वारा अड्काइएको छ भने फिनिसिङ बोर्डलाई बल लगाएर खोल्नुहोस्

d. वाटर स्टप ठाउँमा प्वाल पार्नुहोस र फिनिसिङ बोर्डलाई खोल्नुहोस्

16. फ्लाइओभरको तल्लो भागमा फोर्मवर्कलाई खोल्नुभन्दा पहिले निम्नहरू मध्ये कुन अनिवार्य पूरा गरिनुपर्छ ?

a. सुरक्षा निरीक्षण

b. उचित व्यक्तिगत सुरक्षा उपकरण लगाउने

c. अनधिकृत प्रवेशलाई रोक्नका लागि खोल्ने (स्ट्राइकिङ) क्षेत्रलाई बन्द गर्ने

d. माथिका 3 वटै बुँदाहरू सही छन्

<u>सुरक्षासम्बन्धी प्रश्नहरू</u>

A. स्काफोल्डको वर्किङ प्लेटफर्ममा लगाइने प्ल्यान्कहरूको न्यूनतम मोटाइ निम्न हुन्छ:

1. 20 mm
2. 25 mm
3. 30 mm
4. 50 mm

B. कन्स्ट्रक्सन भइरहेको बिल्डिङमा कामदारहरूलाई तल र माथि ल्याउन, लैजानका लागि निम्न मेसिनरीहरू मध्ये उपयुक्त उपकरण कुन हुन्छ ?

1. होइस्ट
2. क्रेन
3. बिल्डरको लिफ्ट
4. कार्गो लिफ्ट

C. "साइट सेफ्टी टक्स (Site Safety Talks)" को मुख्य उद्देश्य के हो ?

1. कामदारहरू सत्कार गर्न स्न्याक (नास्ता) हरू उपलब्ध गराउन
2. काम गरेको समय भर्नका लागि नित्य-कार्य
3. कार्यको प्रगतिको बारेमा छलफल तथा रिपोर्ट गर्न
4. कामदारहरूको मनमा सुरक्षा ज्ञानलाई बसाउन

D. विद्युतीय औजारमा कुनै समस्या भएमा कामदारले के गर्नुपर्छ ?

1. आफैं मर्मत गर्न प्रयास गर्नुपर्छ
2. काम गर्न रोक्नुपर्छ र मर्मतका लागि पर्खनुपर्छ
3. प्रयोग गर्न रोक्नुपर्छ र त्यसलाई सुरुमा ल्याएको ठाउँमा फिर्ता गर्नुपर्छ
4. प्रयोग गर्न रोक्नुपर्छ र मर्मतको व्यवस्था मिलाउनका लागि जिम्मेवार व्यक्तिलाई रिपोर्ट गर्नुपर्छ